निर्णयहरुः

निर्णय नं १ आर्थिक वर्ष २०७५/७६ को महालेखा परिक्षकको प्रारम्भिक प्रतिवेदनले औल्याएका मुख्य मुख्य बुँदाहरु जानकारी गराइयो ।

निर्णय नं २ शिक्षण सहयोग अनुदान सम्बन्धि कार्यविधि २०७६ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ३ मेयर कृषि कार्यक्रम अन्तर्गत कृषि विकास कार्यक्रम तर्जुमा तथा संचालन सम्बन्धि मार्गनिर्देशन २०७६ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ४ स्थानिय राजस्व परामर्श समितिको मिति २०७६ माघ २८ गतेको निर्णयानुसार आ.व. ०७६/७७ को लागि यस नगरपालिका अन्तर्गत IEE भएका खोलाहरु नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री वितरणका लागि ठेक्का बन्दोबस्त गर्ने र रातुखोलाबाट चार वटा प्याकेज बनाउने साथै बिक्रिको न्युनतम दररेट दैनिक एक लाख पचासहजार कायम गरी ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो ।

निर्णय नं ५ नगर प्रमुखबाट तोकादेश भएका तपशिलका बिलहरु भुक्तानी गर्ने निर्णय गरियो

- प्रगती सहकारी संजाल बर्दिबासको अन्तरक्रिया कार्यक्रममा भएको होटल खर्चः ८१२९०।
- प्रगति सहकारी संजाल बर्दिबास र किसान महासंघ बर्दिबासको कार्यक्रममा भएको होटल खर्चः ४९६४०।

निर्णय नं ६ उद्योग वाणिज्य संघ बर्दिबासको पत्रबाट माग भए अनुसार तपशिलका सामानहरु खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

- कम्प्युटर १ थान
- कम्प्यटर टेवल १ थान
- प्रिन्टर १ थान

निर्णय नं ७ नेपाल राष्ट्र बैकबाट हालै मात्र जारी भएको सरकारी कारोबार निर्देशिका २०७६ को निर्देशन तथा कार्यालयको आवश्यकता अनुसार स्थानिय तहमा तपशिल समुहका खाताहरु खोल्नु पर्ने भएकोले सोही अनुसार तपशिलका थप खाता खोल्ने निर्णय गरियो ।

ग-१ तर्फ

- ग-१.१ आन्तरिक राजस्व खाता
- ग-१.२ बाँडफाँडबाट प्राप्त राजस्व खाता

- ग-१.३ आन्तरिक अनुदान खाता

ग-२ तर्फ

- ग-२.१ चालु खर्च खाता -विजोर वर्ष
- ग-२.२ चालु खर्च खाता -जोर वर्ष
- ग-२.३ पुँजिगत खर्च खाता- विजोर वर्ष
- ग-२.४ पुँजिगत खर्च खाता – जोर वर्ष
- ग-२.७ विविध खर्च खाता (कार्यसंचालन कोष खाता)

ग-७

- ग-७.१ स्थानिय तह आकस्मिक कोष खाता

निर्णय नं ८ नगर शिक्षा समितिको मिति २०७६/१०/०८ को निर्णय नं ५ मा उल्लेख भए अनुसार मागमा आधारित शिक्षा विकास कार्यक्रमबाट तपसिल अनुसारको कार्यक्रम संचालन गर्ने

- २५० सेट फर्निचर निर्माण गर्ने
- देउराली मा वि मा सर्वेयर अध्ययनरत जमुना शाहलाई (ट्युशन फि वापत मात्र) छात्रवृत्ति उपलब्ध गराउने
- बर्दिबास जनता बहुमुखी क्याम्पसलाई अधुरो कार्य सम्पन्न गर्न लागत इस्टिमेटको आधारमा रु १५ लाख उपलब्ध गराउने ।

निर्णय नं ९ राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र बर्दिबासले आफ्नो कार्यालय संचालन गर्नको लागि जिल्ला महोत्तरी बर्दिबास नगरपालिका २ मा बस्ने गोपाल कामीको नाममा दर्ता कायम रहेको जि. महोत्तरी २५ नं बहादुरगंज साविक गा वि स वडा नं ४ क क्षेत्रफल ०-१-०-० मा बनेको २ तल्ले पक्की घरको १०(दस) वटा कोठा भाडा लिई कार्यालय संचालन गरेको हुँदा उक्त घरको मासिक भाडा रु ३००००। अक्षेरेपि रु तिस हजार (घर बहाल कर बाहेक) का दरले मिति २०७६ मंसिर १ गते देखि मासिक रुपमा घरधनीसँग यो आर्थिक वर्षको लागि सँझौता गरि यस नगरपालिकाबाट घरभाडा भुक्तानी हुने निर्णय गरियो ।

निर्णय नं १० आर्थिक वर्ष २०७६/७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार चालु खर्च तर्फ करार तथा ज्यालादारि कर्मचारीको तलब शिर्षकमा रकम नपुग भएकोले जगेडा कोषमा विनियोजन भएको ५५ लाख मध्ये ४० लाख रकम उक्त करार तथा ज्यालादारी कर्मचारीको तलब शिर्षक(अन्य सेवा शुल्क) मा विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ११ आर्थिक वर्ष २०७६/७७ को स्वीकृत योजनाहरु संचालन गर्नका लागि यस नगरपालिकामा मौजुदा प्राविधिक कर्मचारीहरुबाट कार्य सम्पन्न गर्न अत्यन्तै कठिनाई भएकोले ०७७ असार

मसान्त सम्मको लागि इन्जिनियर १(एक) जना परामर्श सेवाबाट र सव इन्जिनियर ४ (चार) जना सेवा करारबाट राख्ने निर्णय गरियो ।

निर्णय नं १२ मेयर कृषि कार्यक्रम अन्तरगत Model Agro village क्षेत्रको Compound wall & Fencing का लागि लगत इष्टिमेट तयार गरी ठेक्का लगाउने निर्णय गरियो ।

निर्णय नं १३ बर्दिबास १, २ र १४ को Digital Survey का लागि भूमी व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयमा माग पेश गर्ने निर्णय गरियो ।

निर्णय नं १४ CTEVT बाट सञ्चालन हुने विभिन्न तालिमहरु मध्ये आवश्यकताका आधारमा वडा कार्यालयहरुले छनौट गरी यथाशीघ्र नगरपालिकामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं १५ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, सेलेघाट – रामेछाप –साँगुटार , बर्दिवास- जलेश्वर, राजविराज , सिरहा, जलेश्वर शहरी सडक योजना बर्दिबास महोत्तरीको च.नं ५८ मिति २०७६/१०/२९ को पत्रबाट नेपाल सरकार मन्त्रिपरिषद्को Riverbed Materials उत्खनन् गर्न दिने मिति २०७६/११/१७ को निर्णय संलग्न राखी यस नगरपालिका क्षेत्र अन्तरगतको भब्सि खोलाबाट बर्दिबास जलेश्वर शहरी सडक स्तरोन्नती/निर्माणको लागि आवश्यक Gravel निर्माण व्यवसायी श्री शिवालय दिवा जे भि लाई आवश्यक Royalties & Taxes लिइ उत्खनन गर्न अनुमती माग भइ आएकोले माग बमोजिम ५०००० (पचास हजार ) घन मिटर ग्राभेल (नदीजन्य पदार्थ) IEE प्रतिवेदनले तोकेको मापदण्ड भित्र रहि प्रदेश सरकारबाट निर्धारित उच्चतम दरमा भब्सी खोलाबाट ग्राभेल उत्खनन अनुमति सम्बन्धमा Royalties & Taxes लिइ उत्खनन गर्न अनुमति दिने निर्णय गरियो ।

निर्णय नं १६ यस नगरपालिकाको हिउँदे नगरसभा यहि मिति २०७६/११/२९ गते गर्ने निर्णय गरियो ।